पत्रकारको भूमिका महत्वपूर्ण : अमेरिकी राजदूत

पोखरा – नेपाल अहिले एउटा ऐतिहासिक क्षणमा रहेको र यतिबेला पत्रकारको भूमिका अत्यन्तै महत्वपूर्ण हुने कुरा अमेरिकी राजदूत जेम्स एफ. मोरियार्टीले बताउनुभएको छ । उहाँले सो कुरा यहाँ आयोजित सम्पादक तथा प्रकाशकहरुको बृहत् भेलासमक्ष आज बताउनुभएको हो ।

राजदूतले साप्ताहिक पाक्षिक पत्रिकाहरुको एक वर्षअघि स्थापित राष्ट्रिय संजालको प्रथम राष्ट्रिय अधिवेशनलाई संबोधन गर्दै नेपालको शान्ति प्रक्रियाको स्वागत गर्नुभयो र यसको पूर्ण कार्यान्वयनका लागि आग्रह गर्नुभयो । उहाँले नेपालको विकासका लागि अमेरिकी सहयोग निरन्तर रहने बाचा गर्दै नेपालको शान्ति प्रक्रियामा संयुक्त राष्ट्रसंघको भूमिकाको समर्थन गर्नुभयो ।

मोरियार्टीले आगामी दिनहरुमा नेपालमा प्रस्तुत हुने घटनाक्रमको विवरण दिने क्रममा पत्रकारहरुले सतर्क, निष्पक्ष र 'तपाईंले मलाई देखाउनै पर्दछ' भन्ने खालको पत्रकारिताको अभ्यास गर्नुपर्ने सुझाव दिनुभयो । यस्तै खालको दृष्टिकोण अमेरिकी सरकारले नेपालका माओवादीको मूल्याङ्कन गर्ने क्रममा राख्ने कुरा पनि वहाँले बताउनुभयो ।

सो अवसरमा मोरियार्टीले नेपालीमा दिनुभएको मन्तव्यको पूर्ण पाठ यसै विज्ञप्तिसाथ संलग्न गरिएको छ ।